दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २३५ | बुटवल | २०८१ भदौ ०५, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday Aug.21, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**सूचनाको हकको सम्बन्धमा सार्वजनिक निकायको दायित्व**

-सूचनाको हकको सम्मान र संरक्षण

- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण।

-सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था।

-खुल्ला र पारदर्शी कार्य सम्पादन।

- सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

**नेपाल सरकार विज्ञापन बोर्ड**


# खोई त ट्रक पार्क ?

**ट्रक पार्क नहुँदा सडक किनारामा यत्रतत्र रोकिराखिएका ट्रक र टिपरमा अरु सवारी साधन ठोक्किएर हुने दुर्घटनाबाट वर्षेनी ठूलो जनधनको क्षती भए पनि समस्या समाधानमा प्रदेश, स्थानीय र संघीय सरकार गम्भीर बनेका छैनन्। जथाभावी यत्रतत्र सडकमा पार्किङ गरिँदा शहरको सुन्दरता समेत बिर्गेको छ।**

**टिआर शर्मा**

*बुटवल*

२०८१ साल असार २१ गते भैरहवाबाट जनकपुर जाँदै गरेको लु १ ख ८८४८ नम्बरको बस र सडक किनारमा रोकिराखेको एन एल ०११ ए एस ९२५२ नम्बरको भारतीय मालवाहक ट्रकमा ठोक्किंदा रुपन्देहीका दर्शक कहार, रामशरण केबट र हरिबहादुर चौधरीको मृत्यु भयो । पूर्व-राजमार्गअन्तर्गत सर्लाहीको बागमती नगरपालिका-१, रायमाझी चोकमा असार २१ गते बिहान बिहान सडक छेउमा रोकिराखेको भारतीय ट्रकमा उक्त बस ठोक्किँदा तीन जनाको मृत्यु संगै १७ जना घाइते भए।

२०८० सालको भदौ २१ गते बाँकेको शमशेरगञ्जमा सडकमा रोकिराखेको ना८ख ६४०५ नम्बरको ट्रकमा दाङबाट जाँदै गरेको ना७ख २३२१ नम्बरको बस ठोक्किंदा ७ जनाको मृत्यु भयो। २५ जना घाइते भए । तीन वर्षअघि बुटवलको तामनगरमा सडकमा रोकिराखेको पराल बोकेको ट्रकमा कार ठोक्किंदा कारमा सवार तीन जनाको मृत्यु भयो।

पूर्व-पश्चिम राजमार्गमा रोकिराखेको लु २ ख ९७७२ नम्बरको ट्रकमा लु ३ च ४४४२ नम्बरको कार बिहानै ठोक्किंदा तीनजनाको ज्यान गयो भने कारमा सवार २ जना गम्भीर घाइते भए।

माथिका यी तीन यी दुर्घटना प्रतिनिधि घटनाहरु मात्रै हुन् ।वर्षेनी सडक किनारामा रोकिराखिएका ट्रक/टिपरमा अरु सवारी ठोक्किएर हुने दुर्घटनाको संख्या र क्षति ठूलो छ। यसको मुख्य कारण ट्रक र टिपरका लागि व्यवस्थित पार्किङ स्थल नहुनु हो।

ट्रक व्यवसायी महासंघका अनुसार देशभर दैनिक करिब ५ मालबाहक ट्रक देशभरका राजमार्ग र सडकहरुमा आवत-जावत गर्छन् ।सरकारले हालसम्म देशभर कतै पनि ट्रक पार्क बनाएको छैन। राजमार्गमा कतै पनि ट्रक पार्किङका लागि ठाउँ पनि तोकेको छैन। नेपाल ट्रक यातायात व्यवसायी महासंघका वरिष्ठ उपाध्यक्ष लोकराज पोखरेलका अनुसार नेपालमा ट्रक र टिपरको संख्या करिब ५० हजार छ। ठूलो संख्यामा ट्रक र टिप्पर भएपनि यिनलाई पार्किङ गरेर राख्ने पुर्वाधार बनेको छैन। बसहरु निश्चित ठाउंमा राख्न देशभर बसपार्क बनेका छन् । तर ट्रक पार्क र टिप्पर पार्क नबन्दा सडकमै र सडक छेउछाउमा रोक्नुपर्ने वाध्यता हुंदा दुर्घटना हुने गरेका वरिष्ठ उपाध्यक्ष पोखरेलले बताए।

'हामीले १३ वर्षदेखि सरकारसँग एकीकृत गोदामसहित ट्रक पार्किङ बनाइदिन आग्रह गरे पनि चासो नै दिइएको छैन'-पोखरेल भन्छन्-'ट्रक पार्क नहुंदा ट्रक र टिप्परहरु सडक किनारमै राख्नुपर्ने बाध्यता छ, जसले दुर्घटना भइरहने र कैयौंले अकालमै ज्यान गुमाउनुपर्ने अवस्था छा' आफूहरुले वर्षौंदेखि पुर्व पश्चिम राजमार्गका कम्तीमा दुई ठाउं



रुपन्देही र मकवानपुर तथा काठमाडौं आसपास एउटा गरी तीनवटा सुविधासम्पन्न ट्रक पार्क बनाउनुपर्छ भनेर सम्बन्धित निकायमा माग गरेपनि सुनुवाई नभएको गुनासो गरे।

सरकारी निकायले बेवास्ता गरेपछि आफू पश्चिमाञ्चल यातायात (ट्रक) व्यवसायी समितिको अध्यक्ष भएका बेला रुपन्देहीको पड्सरीमा सिताराम उप्रेतीको ४ बिघा जग्गा लिजमा लिएर पार्किङ स्थल बनाएको तर मासिक २ लाख भाडा तिर्न नसक्ने भएपछि छाडेको पोखरेलले बताए। 'ट्रक पार्क बनेको भए सडकमा ट्रक रोकिने थिएनन्,अनि दुर्घटना र जनधनको क्षति पनि हुने थिएन'-पोखरेलले भने-'निजी क्षेत्रले पार्किङ पूर्वाधारमा लगानी गरेर सम्भव हुँदैन, भयावह बन्दै गएको दुर्घटनालाई हेरेर मात्रै भए पनि सरकारले कदम चाले हुने थियो , हामी त सरकारसंग पटक पटक माग गर्दा सुनुवाई नभएपछि थाकिसक्यौं,दुर्घटना र जनधनको क्षतिको जिम्मेवार सरकार नै हुनुपर्छ।'

संघीय सरकारले ट्रक पार्क बनाउने विषयमा बेवास्ता गरेको अवस्थामा पछिल्लो वर्ष कोशी र बागमती सरकारले क्रमशः बिराटनगर र हेटौंडामा ट्रक पार्क बनाउन केही वजेट विनियोजन गरेपनि जग्गा उपलब्ध नभएपछि काम अघि नबढेको पोखरेलले बताए।

पश्चिमाञ्चल यातायात (ट्रक) व्यवसायी समिति बुटवलका अध्यक्ष टिकाराम गौतमले रुपन्देही,नवलपरासी र कपिलवस्तुमा मात्रै ५ हजार बढी ट्रक रहेको तर पार्किङ स्थल नहुंदा राजमार्गमा सडक किनार, पेट्रोल पम्पहरु, मैनाबगर,पड्सरी लगायतका ठाउंमा पार्किङ हुने गरेको बताउंछन्। 'पार्क नभएपछि जहां खाली ठाउं भेटिन्छ, त्यहीं पार्किङ गर्नुको विकल्प छैन, यसबाट हुने असर र क्षतिबारे सरकारी निकाय नै संवेदनशील हुनुपर्ने हो'-अध्यक्ष गौतमले भने-'सरकारले बस पार्कहरु बनाउने तर ट्रक पार्क नबनाउने कुरा आफैमा भेदभावपूर्ण र गैरजिम्मेवारी हो, बस पार्क जस्तै स्नान गृह, चालकहरु आराम गर्ने बिश्राम गृह, शौचालय सहित व्यवस्थित ट्रक पार्कजरुरी छ, यसतर्फ ढिला गरिनुहुन्न।'

पश्चिमाञ्चल यातायात (ट्रक) व्यवसायी समितिले भैरहवा-परासी सडक खण्डमा पर्ने नेपाल आयल निगमको डिपो स्थल नजिकै नदीको बगर क्षेत्रमा ट्रक पार्क बनाउन सकिने सुझाव सरकारी निकायलाई दिएको तर कुनै प्रतिक्रिया नआएको बताए।

» बाँकी ३ पेजमा

## टिकटक प्रतिबन्ध हटाइदै

बुटवल। सरकारले १० महिनाअघि सामाजिक सञ्जाल प्लाटफर्म टिकटकमाथि लगाएको प्रतिबन्ध हटाउने तयारी गरेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीकै अग्रसरतामा मंगलबार सरकारले टिकटक खुला गर्नेबारे कम्पनीका नेपाल प्रतिनिधि लगायतसँग परामर्श अघि बढेको छ ।

ओलीले प्रधानमन्त्री हुनेबित्तिकै टिकटकमाथिको प्रतिबन्धका विषयमा चासो राखेका थिए। उनले नै टिकटक प्रतिबन्ध लगाइरहन नपर्ने धारणा राख्दै आएका छन्। प्रधानमन्त्री ओली सामाजिक सञ्जाललाई नियमन हुनुपर्ने, तर प्रतिबन्ध गर्न नहुने धारणा राख्दै आएका छन्।

प्रधानमन्त्रीकै निर्देशनमा सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले प्रतिबन्ध हटाउने प्रस्ताव मन्त्रिपरिषद्मा लैजाने विकल्पबारे मन्त्रालयमा छलफल गरिरहेको बताइएको छ।

यसै क्रममा टिकटकको प्यारेन्ट कम्पनी बाइटडान्सले प्रतिबन्ध फुकुवा गरिदिन र नेपालको कानुनबमोजिम अघि बढ्न तयार रहेको भन्दै सञ्चार मन्त्रालयमा पत्र बुझाइसकेको छ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहालले नेपालमा सामाजिक सद्भाव बिगार्ने काम गरेको भन्दै २७ कात्तिक २०८० को मन्त्रिपरिषद् बैठकबाट निर्णय गराएर नेपालमा टिकटक प्रयोगमा रोक लगाउने निर्णय लिएका थिए ।

## मुख्यमन्त्रीले पाए विश्वासको मत



**दशरथ घिमिरे**

*दाङ*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले विश्वासको मत पाएका छन् । प्रदेश सभाको मंगलबारको बैठकमा मुख्यमन्त्री आचार्यले विश्वासको मत लिएका हुन् । उनले राखेको विश्वासको मतको प्रस्तावको पक्षमा ७० सांसदले मत दिए।

उनलाई नेकपा (एमाले) का २९, नेपाली कांग्रेसका २७, नागरिक उन्मुक्ति पार्टीका ४, जनमत पार्टीका ३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) का ३, जनता समाजवादी पार्टी (जसपा) २, जनता समाजवादी पार्टी नेपालका एक र एक जना स्वतन्त्र सांसदले विश्वासको मत दिए।

त्यस्तै, उनको विश्वासको मतको विपक्षमा ११ मत पर्‍यो । नेकपा माओवादी केन्द्रका ९, राष्ट्रिय जनमोर्चाका १ र नेकपा एकीकृत समाजवादीका १ सांसदले विपक्षमा मत हाले। राष्ट्रिय प्रजातन्त्र पार्टीका ३ जना सांसद तटस्थ बसे । राप्रपाका एक जना सांसद जानकीप्रसाद यादव मंगलबारको बैठकमा उपस्थित थिएनन्।

» बाँकी ३ पेजमा

## तिलोत्तमा क्याम्पसमा एमबीए पढाइ हुने




बुटवल । रुपन्देहीको तिलोत्तमा क्याम्पसले पहिलोपटक एमबीएको पढाइ सुरु गर्ने भएको छ। २९ वर्षदेखि गुणस्तरीय शिक्षा प्रदान गर्न कटिबद्ध संस्थाले पोखरा विश्वविद्यालयबाट सम्बन्धन लिएर यसै शैक्षिक सत्रदेखि स्नातकोत्तर तहको मास्टर्स इन बिजनेश एडमिन्स्ट्रेसन (एमबीए) को पठन-पाठन सुरु गर्न लागेको क्याम्पसले जानकारी गराएको हो।

एमबीए कार्यक्रमको शुभारम्भ गर्दै क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष रामचन्द्र ढकालले विद्यार्थी र अभिभावकको माग र स्थानीय आवश्यकताअनुसार लामो समयको प्रयासपछि एमबीए कार्यक्रम सञ्चालन गर्न लागिएको बताए। क्याम्पसका प्राचार्य प्रा.डा. रामचन्द्र आचार्यले आफ्नै देशमा स्रोत र साधनको खोजी गर्न सक्ने क्षमता सहितको उद्यमशिल जनशक्ति उत्पादन गर्न १५ वर्षदेखिको प्रयास स्वरुप हाल एमबीए कार्यक्रम ल्याउन सफल भएको बताए।

२०५३ सालमा विज्ञान र व्यवस्थापनमा कक्षा ११ र १२ पढाउने गरी स्थापना भएको तिलोत्तमा कलेजले २०५६ सालमा बीबीए कार्यक्रमको एउटा सेक्सन सुरु गरेको र २०६६ सालदेखि थप एक सेक्सन थपेको प्राचार्य आचार्यले जनाए । जुनसुकै विषयबाट स्नातक तह उत्तीर्ण गरेका विद्यार्थीले अध्ययन गर्न पाउने गरी एमबीए कार्यक्रमलाई पूर्णरुपमा अनुसन्धानमा आधारिक बनाइने उनले बताए। दुई वर्षे यो कोर्ष पढ्न ४ लाख ३० हजार रुपैयाँ शुल्क निर्धारण गरिएको र तिलोत्तमा कलेजबाट स्नातक उत्तीर्ण गरेकालाई विशेष छुट दिइने उनले जानकारी गराए।

नेपाल पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष रामराज पोखेलले तिलोत्तमा क्याम्पसले उत्कृष्ट नतिजाका कारण जिल्लामा मात्र नभई देशमै छुट्टै पहिचान स्थापित गर्न सफल भएको बताए । प्राध्यापक सन्तोष ज्ञवालीले यो कार्यक्रम विद्यार्थीलाई उद्यामी र स्वरोजगार बनाउन सक्ने जनाए। तिलोत्तमा क्याम्पसले कक्षा १२ र स्नातक तहमा गरेर प्रति वर्ष करिव सय विद्यार्थी उत्पादन गरिरहेको छ।

## निवर्तमान मुख्यमन्त्री गिरीले फिर्ता गरे गाडी



बुटवल । लुम्बिनी प्रदेश सरकारका पूर्व मुख्यमन्त्री लिला गिरीले गाडी सुविधा फिर्ता गरेका छन् । तत्कालीन मुख्यमन्त्री कुलप्रसाद केसीको कार्यकालमा पूर्व मुख्यमन्त्रीले गाडी सुविधा पाउने कानुन बनेको थियो । सोही कानुनअनुसार गिरीले गाडी सुविधा लिन पाउँथे, तर गिरीले पूर्व मुख्यमन्त्रीका रुपमा गाडी सुविधा लिनु उचित नहुने भन्दै मंगलबार प्रदेशसभामा फिर्ता गरेका हुन्।

'पूर्व मुख्यमन्त्रीका रुपमा पाउने गाडी सुविधा नलिने भनेर पहिल्यै प्रदेशसभा सचिवालयलाई जानकारी गराएर लिएको थिइन, तर एमाले संसदीय दलको नेता हुँदासम्म संसदीय दलको नेताको हैसियतमा गाडी सुविधा लिएको थिएँ,' गिरीले भने-'संसदीय दलको नेताबाट समेत बिदा भएपछि कानुन बमोजिम नै प्रदेश सरकारले उपलब्ध गराएको गाडी सुविधा फिर्ता गरेको हुँ।'

कानुन छ भन्दैमा आजीवन राज्यबाट सुविधा प्रयोग गर्नु अनैतिक हुने मान्यताले गाडी सुविधा फिर्ता गरेको गिरीले प्रष्ट पारे । गिरी एमालेभित्र सादगी र इमान्दार नेतामा पर्छन् । यसअघि पूर्व मुख्यमन्त्री शंकर पोखरेलले पनि गाडी सुविधा फिर्ता गरेका थिए।




दैनिक लुम्बिनी

# सम्पादकीय

## अर्थतन्त्रमा सकारात्मक पाइला

दुई वर्षयतादेखि शिथिल मुलुकको अर्थतन्त्र चलायमान बन्ने संकेत देखिएको छ। आयात र निर्यात दुवै घट्दा राजस्व लक्ष्यअनुसार संकलन हुन नसक्दा शिथिल भएको अर्थतन्त्रमा सुधारको संकेत देखिनु निराश बजारलाई उत्साहित पार्ने पहिलो पाइला हो। शिथिल भएको बजारमा केही आशाका किरण देखा परेका छन्। रेमिट्यान्स वृद्धि, चालु खाता धनात्मक र विदेशी मुद्राको सञ्चितीले आशा जगाएकै छ, बैंकको ब्याज एकल विन्दुमा झरेको छ। शेयरबजार क्रमशः उकालो लाग्दा आशा बढ्नु स्वाभाविकै छ।

विदेशी मुद्राको सञ्चिति अहिलेसम्मकै उच्च पुगेर १३ महिनाको सेवा र वस्तुको आयात धान्न पुग्छ। विदेशी मुद्राको सञ्चितिले अर्थतन्त्रको बाह्य सूचक बलियो रहेको देखायो। चालु आर्थिक वर्षको साउन महिनामा राजस्व संकलनमा आएको सुधारले अर्थतन्त्रमा सुधारको संकेत देखिएको छ। चालु आर्थिक वर्षको साउन महिनामा ९४ अर्ब ७४ करोड रुपैयाँ राजस्व संकलन भएको छ। यो अघिल्लो वर्षको साउन महिनाको तुलनामा २० प्रतिशतको वृद्धिदर हो। लामो समयदेखि निर्माण व्यवसायीले भुक्तानी नपाएर थलिएका बेला सरकारले चालु आबको पहिलो महिनामै निर्माण व्यवसायीको बक्यौता भुक्तानी गरेकाले पुँजीगत खर्चमा वृद्धि भएको छ। निर्माण व्यवसायीको रोकिएको भुक्तानी भएकाले पहिलो महिनामै ८ अर्ब ५५ करोड रुपैयाँ पुँजीगत खर्च भएको छ, जुन गत वर्षको ८२ करोडको तुलनामा ठूलो वृद्धि हो।

निर्माण व्यवसायीको भुक्तानीले पनि बजारलाई चलायमान बनाउन बल पुऱ्याएको छ। अब सरकारले दुग्ध विकास संस्थानलगायत निजी कम्पनीले तिर्न बाँकी किसानको ६ अर्ब रुपैयाँ भुक्तानीको व्यवस्था मिलाउनुपर्छ। सेयर बजारमा देखिएको उत्साहले लगानीकर्ताको मनोबल बढेको छ। अहिले सेयर बजारमा लगानीकर्ताको आकर्षण बढेको छ। नयाँ लगानीकर्ताहरू बढेका छन्। राजस्वमा समेत सेयर बजारले ठूलो योगदान गरेको छ।

अर्थ मन्त्रालयले आगामी सय दिनका लागि कार्ययोजना तयार पारेको छ। कार्ययोजनामा ३० वटा कार्यक्रम अघि सारिएको छ। यसमा मुलुकको समग्र अर्थतन्त्र सुधारका लागि उच्चस्तरीय आर्थिक सुधार सुझाव आयोग गठन गर्ने, दोस्रो वित्तीय क्षेत्र विकास रणनीति तयार गर्ने, राजस्व चुहावट नियन्त्रण गर्न केन्द्रीय द्रुत गस्ती टोली गठन गरी परिचालन गर्नेलगायत छन्। अर्थमन्त्री विष्णु पौडेलले लिएको पहलकदमीले अर्थतन्त्रलाई चलायमान बनाउने छ।

अहिले देखिएको सुधारले मात्रै मुलुक अघि बढ्न सक्तैन्। उत्पादन र उत्पादकत्व बढाउने र रोजगारी श्रृजना गर्न सरकारले योजना बनाएर काम गर्नुपर्ने छ। रोजगारीका लागि देश छाड्नै पर्ने बाध्यतालाई हटाउँदै यही केही गर्ने वातावरण तयार गर्न सक्दा मुलुकले लाभ पाउन सक्छ। पुँजीगत खर्च बढाउने, चालु खर्च घटाउने र प्रतिफलमुखी आयोजनामा राज्यको स्रोत लगानी गर्न प्राथमिकता हुनुपर्छ।

# मौलिकता बिर्सेर तडकभडक



नगेन्द्रराज पौडेल

*हिचान खोसिएको अवस्था छ, मौलिकता गुमेको छ, जसलाई राम्रो मान्न सकिँदैन। अझ कतिपय अवस्थामा त मादक पदार्थ सेवनकै कारण पारिवारिक विखण्डन समेत आउने गरेको छ। तारे होटलमा संभ्रान्त वर्गका महिलाहरुले मादक पदार्थ सेवन गरेर देखाउने गरेको सांस्कृतिक कार्यक्रम गर्नेलाई भन्दा देख्नेलाई लाज लाग्ने खालको छ। यस्तै अवस्था रहने हो भने आगामी पुस्ताले तीजको प्राकृतिक अवस्थासँग परिचित हुने मौका नै पाउने छैनन्।*

नागपञ्चमीदेखि हामीकहाँ चाडपर्व सुरु भएको र बसन्त पञ्चमीदेखि सकिएको मान्ने प्रचलन छ। यसो त नागपञ्चमीबाट हिउँद र बसन्तपञ्चमीदेखि वर्षा याम सुरु भएको मानिन्छ। तर आजकल यो भनाइ निरर्थक सावित भएको छ। हामी नेपालीहरुमा यति मजमस्ती गर्ने आदत भैसक्यो कि केही नपाए जन्मदिनको अवसरलाई पनि विशाल पर्वका रुपमा मनाउने गरिएको पाइन्छ। खासगरी शहरीया संभ्रान्त वर्गका परिवारमा देखिएको सांस्कृतिक विचलनका कारण आम नागरिकका लागि चाडपर्व समस्या बनेर आएको देखिन्छ। हुँदा खानेका लागि बह्रैमहिना, चौबिसै घण्टा चाडको समय बन्ने गरेको छ भने हुँदा खानेहरुले त्यसको नक्कल गर्नुपर्दा आर्थिक पक्ष क्षयोन्मुख बन्दै गएको छ।

चाडबाडको मौलिकतालाई पनि आजकल आधुनिकताका नाउँमा भित्रिएका नूतन शैली र अभ्यासले विस्थापित गरेका छन्। चाडपर्व हाम्रा अमूल्य धरोहर हुन्, यिनको अस्तित्व निमिट्यान्न पार्नु हुँदैन भन्ने कुरालाई सबैले मनन गर्न जरुरी छ। यी चाडपर्वहरुमध्ये तीज पनि एउटा महत्वपूर्ण पर्व हो। दुई सातापछि हामीकहाँ तीजले प्रवेश पाउँदैछ। नेपाली बृहत् शब्दकोशले तीजलाई 'नारीहरुले समृद्धिका निम्ति धार्मिक परम्पराअनुसार शिव पार्वतीको उपासना र पूजा गर्ने दिन' भनी अर्थाएको छ। भविष्य पुराणमा यसलाई हरितालिका भनिएको छ। पार्वतीको विवाह विष्णुसँग हुन लागेकोमा उनीसँग विवाह हुन नपरोस्, महादेवसँग विवाह होस् भन्ने पार्वतीको चाहनालाई सघाउन उनका सखीहरुले उनलाई हरण गरेर जंगलमा लुकाएको हुनाले यसलाई हरितालिका भनिएको हो भन्ने पनि पाइन्छ। उनले जंगलमा खाएको कुरा कालान्तरमा हामीले दर भनी खाने गरिएको, तृतीयामा आर्य पार्वती र अनार्य शिवको विहे भै शिवजीसमेत ताण्डव नृत्य गर्ने गरेकोले यस दिनको सम्झनामा नेपाली चेलीहरुले तीजको नाचगान गर्न थालेका हुन भन्ने कहावत पनि छ।

तीजलाई नारी विशेषको पर्व र यस अवसरमा गाइने गीतलाई महिलाले गाउने पर्वगीतका रुपमा हेरिएको छ। तीजकै अवसरमा गाइने हुँदा यस्ता गीतलाई तीजेगीत पनि भन्ने गरिएको छ। वर्षदिनसम्म मेलापात, घाँस दाउरा गर्दै दिन गुजार गरिरहेकी नारीले आफ्ना कथा, व्यथा र सामाजिक विकृति एवम् विसंगतीलाई तीजको अवसर पारेर गीतका रुपमा अभिव्यञ्जना दिने गर्दछन्। गीतमा उनीहरुले प्रयोग गर्ने शब्द अभिधाभन्दा निकै पर लक्षणा र व्यञ्जनास्तरको हुन्छ। यसैकारण यस्ता गीतहरु यथार्थपरक र सुधारोन्मुख हुन्छन्। व्यंग्यात्मक शैलीका यस्ता गीतहरुमा सक्कली नेपालीपन पाइन्छ। नेपाली चेलीहरुको अन्तरमनको पीडाको प्रतिनिधित्वका हिसाबले यी गीतहरु अब्बल मानिन्छन्। सिर्जनाका दृष्टिकोणबाट हेर्ने हो भनै तत्क्षण गागरमा सागर भर्ने खालका यी गीतका स्रष्टा कुनै आसुकविभन्दा कम मानिँदैनन्। यी गीतहरुलाई संग्रह गर्ने हो भने कुनै महाकाव्यभन्दा कम हुँदैनन्। यस्ता गीतहरुमा जीवन बोलेको हुन्छ, जगतको प्रतिनिधित्व भएको हुन्छ। बेथिति र विसंगतिमाथि व्यंग्यवाण हुन्छ , सुधारका लागि पर्याप्त गुञ्जायस रहन्छ।

नेपालमा दशौं सताब्दीपछि विभिन्न चाडबाड मनाउन थालिएको पाइन्छ। खासगरी लिच्छवीकालपछि हामीकहाँ विभिन्न चाडपर्वहरु मनाउन थालिएको हो। यस्ता चाडबाडहरु हामीकहाँ प्रायः सबै महिनामा पर्दछन्। विना चाडको महिना पाउन मुस्किल छ। हामीकहाँ चलिआएका विभिन्न चाडपर्वहरुले एउटा सभ्यता, संस्कृति र सन्देश लिएर आएका हुन्छन्। आदिकालदेखि चल्दै आएको तीज पर्व भाद्र शुक्ल पञ्चमीसम्म ४ दिन मनाइने प्रचलन थियो। अहिले भने यसरी ४ दिनमा तीजलाई खुम्चाउन नसकिने अवस्था छ। शुरुमा यो पर्व नेपालमा प्रायः क्षेत्री बाहुनले बढी मनाउने र आदिवासी, जनजातिले त्यति महत्व नदिने गर्दथे। तर अहिलेको मिश्रित बसाइका कारण सबैको साझा पर्वका रुपमा यसलाई लिने गरिएको पाइन्छ।

**महिलाप्रधान चाड**

तीजको मुख्य आकर्षण नै महिला हुन्। नेपाली महिलाले तीजमा ब्रत, उपवास र शिवजीको उपासना गरी मनाउँछन्। शिव पुराणमा शिवजीको महिमा वर्णन गरिएको छ। हिमालय पर्वतकी पुत्री पार्वतीले श्री महादेव स्वामी पाउँ भनी कठोर तपस्या गरी महादेवसँग उनको विवाह भएको कुरा शिव पुराणमा उल्लेख गरिएको छ। कुमार संभव महाकाव्यमा कालिदासले पार्वतीको कठोर तपस्यालाई चर्चा गरेका छन्। पार्वतीले व्रत बसेर उनको मनोकामना पूर्ण भएकोले अरु महिलाहरु पनि आ-आफ्ना मनोकामनासहित (अविवाहित नारीले असल पति पाउँ भनी तथा विवाहित नारीले पतिको चीरायूका लागि )व्रत बस्न थालेको जनश्रुति पनि पाइन्छ। तीजमा हाम्रा महिलाले बस्ने ब्रतलाई सकारात्मक रुपमा लिन सकिन्छ। तर उपवासका नाममा गरिने चेलीबेटीको व्रतको एकोहोरोपना, व्रत बस्ने दिनभन्दा अघिल्लो दिनको मध्यरातमा दरका रुपमा खाने अपाच्य खाना कति ठीक, कति बेठीक त्यसको समीक्षा भने हुन जरुरी छ।

**मौलिकता रहेन**

परम्परादेखि मानी आएको तीजको पृथक पहिचान र मौलिकता छ । तर विगतको विरासतलाई आजको तीजले धान्न सकेको छैन। 'हुनेले मीठो मसिनो, नहुनेले पीठो मसिनो' खाने पर्व थियो तीज। सात डाँडा पारी विवाह गरी पठाएका चेलीबेटीलाई बाबा आमा, दाजुभाइ लिन गएर घरमा जम्मा गरी मीठो मसिनो खाने खुवाउने दिन थियो तीज। असल भाइचाराको गाँठो कसिलो बनाउने पर्व थियो तीज। चेलीलाई माइती लिन जानुपर्ने, घर पक्षले अरु बेला नभए पनि यो बेला माइत पठाउनैपर्ने पर्व थियो, तीज। सायद यसैकारण माइतीको महत्वबोध बढी हुन्थ्यो, ऊबेला नेपाली चेलीहरुलाई।

तर आज यो अवस्था रहेन। भाद्र शुक्ला द्वितीयादेखि सुरु हुने तीज असारको हिलो फाल्दा नफाल्दै सुरु हुन्छ। सांगितिक तयारी हुनु स्वाभाविकै होला, तर कम्तीमा पनि तीजे गीत गाउनलाई कृष्णाष्टमी कुर्नुपर्थ्यो, अनि मात्र यसको महत्व हुन्थ्यो। तर आजकल जनैपूर्णिमासमेत नआउँदै तीजका कार्यक्रम आउन थालेका छन्। कथित शहर बजारमा साउनको आरम्भसँगै भड्किला तथा उत्ताउला पहिरनसहित दिनहुँजसो पार्टी प्यालेसमा हुने भोज भतेर, नक्कली नै सही, प्रतिष्पर्धामा महिलाले पहिरने गरगहना, अनावश्यक र अस्वाभाविक श्रृंगारपटारजस्ता कुराले तीज महिलाको महान चाड हो भन्ने कुरालाई बिसाइदिएको पाइन्छ। हुने खानेहरुलाई त यसले राम्रै गर्ला अथवा नराम्रो गरे यसको फल उनैले भोग्लान, जसले तीजै नआइ तीज मनाउँछन्।

तर हुँदा खाने नेपाली समाजका अन्य महिलाहरुलाई भने यो अनावश्यक तडक भडक र देखासिकीले नकारात्मक असर पार्ने भयो। बूढी मरी भन्नुभन्दा पनि काल पल्केकोमा चिन्ता लिनु पर्ने भयो। महिलाप्रधान मानिने तीजमा पुरषले धेरै गीत गाउनु, गीतमा मौलिकता मात्र होइन शिष्टता र भद्रता लोप हुनुजस्ता कारणले यो पर्वले मौलिकता गुमाउँदै गएको देखिन्छ। यो वर्ष बजारमा आएका 'मायाको पोको' तथा 'बिस्तारले पोल्यो'जस्ता अत्यन्त छाडा गीतहरु यसका उदाहरण हुन्। कम्तीमा पनि तीजे गीत एकाघरका परिवार सगोलमा बसेर सुन्न र हेर्न मिल्ने खालका आउनुपर्छ।

आरम्भमा कुनै पनि चाडपर्वहरु भडकिला थिएनन्। यी चाडपर्वहरु एक आपसमा मिलेर, हुने र नहुनेबीचको अन्तर कम गर्दै व्यक्तिगत रुपमा मनाइन्थे। एउटाको चाडलाई अर्कोले हस्तक्षेप गर्दैनथिए। जनैपूर्णीमामा लोग्नेमान्छेहरु बढी हावी हुन्थे भने तीजमा महिलाहरु। तर आज के महिला के पुरुष दुबैले तीजमा नाचगान गरेको देखिन्छ। फेरि विगतकाजस्ता सटिक सामाजिक चित्रण गरिएका, सुधारको अपेक्षासहित गाइएका पारिवारिक गीतहरु आज कहाँ सुन्न पाउनु ? तीजे गीत सुन्दा लाग्छ यिनीहरु तीजमा छन् कि रत्यौलीमा। अर्थात् तीज, र रत्यौलीमा भेद छुटाउन नसकिने अवस्था आयो।

**बढी खर्चिलो**

तीज वर्षायाम सकेपछि पर्ने पर्व हो। उहिले उहिले तीजका लागि भनेर किसानहरु खानेकुरा संग्रह नै गरी राख्थे। खासगरी दुग्धजन्य पदार्थ यो बेला बढी खाने, खुवाउने चलन थियो। दही, दूधका अलावा घ्यू प्रसस्त चाहिने हुँदा तीजका लागि भनेर बकेर्नु भैंसी हुनेले साटफेर गरेरै वा किनबेच गरेर भए पनि लैनु भैंसी किन्थे। तर आज यो कुरा एकादेशको कथा बनेको छ। तीज सुरु हुनुभन्दा महिनौ अगाडिदेखि खाने र खुवाउने होडबाजी नै चलेको पाइन्छ। सबै पार्टी प्यालेस वा ठूला ठूला होटलहरु तीजमय बन्दैछन्। यसले गर्दा तीज खर्चिलो पनि बन्दै गएको छ।

तीज हो वा रत्यौउली छुट्टाउनै नसक्ने गरी क्यासेटमा गीत घन्काएर छिमेकीलाई समेत असर पर्ने गरी कृत्रिम नाँचमा रमिता देखाउने कुचलन नै छ। हरेकजसो अड्डामा महिला कर्मचारीहरु दर खान वा खुवाउन गएकोले गैर हाजिर हुने गरेको वा पूरा समय सेवाग्राहीलाई नदिएको गुनासाहरु पनि सुन्नमा आउँछन्। खानपानमा पनि तामसी भोजनलाई महत्व दिइएको पाइन्छ। हामीले पुरातनदेखि मानी आएको तीजको वास्तविक मर्म यो थिएन र होइन पनि। माछा मासुसम्म त ठीकै होला, तारे होटलहरुमा खाने खुवाइने मादकपदार्थ (जाँड, रक्सी, बियर) समेतको लतले तीजको पहिचान खोसिएको अवस्था छ, मौलिकता गुमेको छ, जसलाई राम्रो मान्न सकिंदैन। अझ कतिपय अवस्थामा त मादक पदार्थ सेवनकै कारण पारिवारिक विखण्डन समेत आउने गरेको छ। तारे होटलमा संभ्रान्त वर्गका महिलाहरुले मादक पदार्थ सेवन गरेर देखाउने गरेको सांस्कृतिक कार्यक्रम गर्नेलाई भन्दा देख्नेलाई लाज लाग्ने खालको छ। यस्तै अवस्था रहने हो भने आगामी पुस्ताले तीजको प्राकृतिक अवस्थासँग परिचित हुने मौका नै पाउने छैनन्।

तीज हाम्रो मौलक पर्व हो। यसलाई सनातनदेखि जसरी शिष्ट, भद्र र अनुसासित ढंगले मनाउँदै आइएको हो, त्यसैलाई निरन्तरता दिनुपर्छ। चाडबाड नेपालीको पहिचान हो, संस्कृति हो र मौलकता जोगाउँदै यसको संरक्षण गर्नु आजको आवश्यकता पनि हो। राजधानीबाट

# सेयर धितो कर्जाको ग्राफ उकालो लाग्यो



काठमाडौँ। सेयर बजार परिसूचक नेप्सेको ग्राफ उकालो लागिरहेको बेला मार्जिन प्रकृतिको सेयर धितो कर्जाको ग्राफ समेत उकालो लागेको छ।

नेपाल राष्ट्र बैंकका अनुसार २०८१ असार मसान्तसम्म सेयर धितोकर्जामा ९० अर्ब ९ करोड ३२ लाख रुपैयाँ कर्जा प्रवाह भएको छ। यो अघिल्लो वर्षको तुलनामा १८.०६ प्रतिशतले बढी हो।

२०८० असार मसान्तसम्म सबै बैंक तथा वित्तीय संस्थाहरुबाट सेयर धितो कर्जामा कूल ७६ अर्ब ३० करोड ८६ लाख रुपैयाँ प्रवाह भएको थियो।

समीक्षा अवधिमा कूल प्रवाहित कर्जामध्ये सबैभन्दा बढी १ करोड रुपैयाँभन्दा माथिको सेग्मेन्टमा ५५ अर्ब ९३ करोड २० लाख रुपैयाँ प्रवाह भएको छ भने ५० लाखदेखि १ करोड रुपैयाँसम्मको कर्जामा १२ अर्ब ४२ करोड ७७ लाख रुपैयाँ प्रवाह भएको केन्द्रीय बैंकले जनाएको छ। यो दुई सेग्मेन्टमा क्रमशः २५.१ प्रतिशत र ५.५ प्रतिशत कर्जा मागमा वृद्धि आएको हो। अघिल्लो वर्ष १ करोडमाथिको मागमा बैंकहरुले ४४ अर्ब ७१ करोड ६१ लाख रुपैयाँ र १ करोडभन्दा तल ५० लाख रुपैयाँभन्दामाथिको मागमा ११ अर्ब ७७ करोड ४५ लाख रुपैयाँ लगानी गरेका थिए।

यसैगरी समीक्षा अवधिमा २५ देखि ५० लाख रुपैयाँसम्मको सेयर धितो कर्जा १४ अर्ब ४२ करोड ३१ लाख रुपैयाँ र २५ लाख तलको कर्जामा ७ अर्ब ३१ करोड २३ लाख रुपैयाँ लगानी भएको केन्द्रीय बैंकले जनाएको छ। अघिल्लो वर्ष यो दुई सेग्मेन्टमा क्रमशः १२ अर्ब ७८ करोड १९ लाख रुपैयाँ र ७ अर्ब ३ करोड ५९ लाख रुपैयाँ लगानी भएको थियो।

खासगरी मौद्रिक नीतिले यसअघिको ४/१२ अर्थात् एक व्यक्ति वा संस्थागत लगानीकर्ताले एउटा बैंक तथा वित्तीय संस्थाबाट बढीमा ४ करोड रुपैयाँ र सबै बैंक तथा वित्तीय संस्थाहरुबाट गरी १२ करोड रुपैयाँसम्म सेयर धितोमा कर्जा लिन पाउने व्यवस्था परिमार्जन गरेसँगै कर्जा मागमा उत्साह आएको हो। आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको दोस्रो त्रैमासिक समीक्षाले सेयर धितोकर्जाको ४/१२ को व्यवस्था परिमार्जन गर्दै व्यक्तिगतमा १५ करोड र संस्थागतमा २० करोडसम्म सीमा वृद्धि गरिदिएको थियो।

यस्तै चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत् केन्द्रीय बैंकले संस्थागततर्फको २० करोडको सीमा समेत खारेज गरिदिएको छ। यसले नेप्से सूचक बढिरहेको अवस्थामा कर्जा मागमा समेत उल्लेखनीय सुधार आउने अपेक्षा गरिएको छ। करिब २१ सय विन्दुमा रहेको नेप्से सूचक मौद्रिक नीतिपछि ३० हजार विन्दुमा उक्लिसकेको छ।

# खाली पेटमा अदुवाको पानी पिउनाले पाउन सकिन्छ यी ५ फाइदा



अदुवाले तपाईंको चिया र खानाको स्वाद बढाउन मात्र सहयोग गर्दैन यसले स्वास्थ्यमा थुप्रै लाभसमेत पुर्याउने गर्छ। अदुवा हामीमध्ये धेरैको भान्साको एक महत्वपूर्ण तत्व हो। हामी सबैले कुनै न कुनै रूपमा अदुवाको सेवन गर्छौं, चाहे त्यो चियामा हालेर होस् वा विभिन्न प्रकारका परिकारमा। तर के तपाईंले कहिल्यै अदुवाको पानी पिउनुभएको छ ? भारतकी क्लिनिकल न्यूट्रिशनिस्ट तथा डाइटिशियन गरिमा गोयलका अनुसार अदुवाको लाभ पाउनका लागि अदुवाको पानी सबैभन्दा सजिलो उपाय हो। आयुर्वेदमा अदुवा औषधीय गुणका लागि परिचित छ। पुरातन चिकित्सामा, यसलाई धेरै रोगहरू निको पार्ने जडीबुटीको रूपमा प्रयोग गरिन्छ।

अदुवामा शरीरका लागि आवश्यक पोषक तत्व हुन्छ। यसमा भिटामिन सी, क्याल्सियम, फस्फोरस, आइरन, जिंक, कपर, म्यागनीज र क्रोमियम पाइन्छ। जसका कारण यसले स्वास्थ्यलाई धेरै फाइदा पुऱ्याउँछ। विशेष गरी यदि तपाईंले बिहान खाली पेटमा अदुवाको पानी पिउनुहुन्छ भने यो थप लाभदायी हुन्छ। यस लेखमा, हामी तपाईंलाई बिहान खाली पेटमा अदुवाको पानी पिउनुका ६ फाइदाहरू बताइरहेका छौं।

**१. तौल घटाउन मद्दत गर्छ**

खाली पेटमा अदुवाको पानी पिउनाले मेटाबोलिजम तेज हुन्छ। जब तपाईंको मेटाबोलिजमले राम्ररी काम गरिरहेको हुन्छ, यसले दिनभर सामान्य क्रियाकलाप गर्दा पनि क्यालोरीहरू बर्न गर्ने काम गर्छ। जसले तब्र रुपमा फ्याट बर्न गर्न मद्दत गर्छ। यसले शरीरलाई प्राकृतिक रूपमा डिटक्सिफाइ गर्न पनि मद्दत गर्छ।

**२. मधुमेह रोगीहरूका लागि लाभदायक**

यदि तपाईंले खाली पेटमा अदुवाको पानी पिउनुहुन्छ भने यसले रगतमा चिनीको मात्रा नियन्त्रणमा राख्छ र रगतमा चिनीको मात्रा बढ्नबाट रोक्छ। यसले मधुमेहका कारण हुने समस्यालाई हटाउन मद्दत गर्छ।

**३. छालाको लागि लाभदायी**

शरीरमा जम्मा भएको फोहोर र विषाक्त पदार्थलाई बाहिर निकाल्न मद्दत गर्छ। साथै यसमा पाइने एन्टिअक्सिडेन्टले क्यान्सरजस्ता गम्भीर रोग निम्त्याउने फ्री रेडिकलसँग लड्न मद्दत गर्छ। छालाको दाग, पिम्पल, बुढेसकालका लक्षणहरू जस्तै चाउरी र फाइन लाइनहरू कम गर्न मद्दत गर्दछ। यसले तपाईंको रगतलाई प्राकृतिक रूपमा शुद्ध गर्न मद्दत गर्दछ, जसको प्रभाव छालामा प्रत्यक्ष रूपमा देखिन्छ।

**४. सुन्निने समस्या हटाउन सहयोगी**

शरीर सुन्निनेजस्ता समस्या हटाउन यसले मद्दत गर्छ। अदुवामा प्रचुर मात्रामा एन्टी-इन्फ्लेमेटरी गुण हुन्छ, यसले कीटाणु र हानिकारक ब्याक्टेरियासँग लड्न मद्दत गर्दछ। क्रोनिक इन्फ्लामेटरीसँग लड्न अदुवा पानी धेरै लाभदायक छ।

**५. पेटका लागि लाभदायी**

खाली पेटमा अदुवाको पानी पिउनाले पाचन शक्तिलाई बलियो बनाउन मद्दत गर्छ। जसले गर्दा अपच, कब्जियत, पेट फुल्ने, बान्ता-पखाला र वाकवाकी जस्ता समस्यालाई हटाउन पनि यो निकै प्रभावकारी हुन्छ।

**६. कोलेस्ट्रोल कम गर्छ**

अदुवाको पानी पिउनाले खराब कोलेस्ट्रोल कम गर्न मद्दत गर्छ। यसका कारण हृदयाघात र स्ट्रोक जस्ता रोगको जोखिम कम गर्न र मुटुलाई स्वस्थ राख्न सहयोगी हुन्छ।

**अदुवाको पानी कसरी बनाउने**

अदुवाको पानी बनाउनका लागि, तपाईंले अदुवाको टुक्रालाई एक गिलास पानीमा १ इन्चसम्मको अदुवाको टुक्रा पिसेर हाल्नुहोस् र यसलाई उमाल्नुहोस्। त्यसपछि यसलाई छान्नुहोस् र एक चम्चा महसँग कागतीको रसमा मिसाएर खानुहोस्।

# पाल्पाका नेवारी बस्तीमा निकालियो गाईजात्रा



**कृष्ण पोखरेल**
*पाल्पा*

तानसेनसहित पाल्पाका विभिन्न नेवारी बस्तीहरुमा एक वर्षभित्र दिवंगत भएका परिवारका सदस्यहरुको सम्झनामा गाईजात्रा निकालिएको छ। विगतमा मृतकका घर-घरबाट तानसेनका टोल-टोल गल्लीबाट, गाइजात्रा निकाल्ने परम्परा आजकल निकै कम भएको पाइएको छ। पाल्पा दरबार वरिपरि गाईजात्रा ल्याउने र हेर्नेको निकै भीडभाड हुँदै आएकोमा आजकल दुई चार वटामा मात्र सीमित भएका छन्।

विगतका वर्षहरुमा जात्रा हेर्न तानसेन बजार भीडभाड हुने गरे पनि यस वर्षको गाईजात्रा गर्ने र हेर्ने मानिस नै नहुँदा सडकहरु सुनसान देखिए। तानसेन बजारमा सयौ गाईजात्रा हुँदै आए पनि यस वर्ष करीव एक दर्जनभन्दा कम गाईजात्रा निकालिएको छ। नेवार समुदायले आफ्ना दिवंगत परिवारका सदस्यको सम्झनामा गाइजात्रा निकाल्ने परम्परा रहेको भएपनि अधिकाश नेवारी समुदाय तानसेनबाट विस्थापित हुँदै जाँदा संस्कृति पनि हराउँदै गएको तानसेन टक्सारका मंगलप्रसाद बज्राचार्यले बताए।

नेवार समुदायको बसोबास भएको तानसेन, हार्थोक, ताहुँ, भैरवस्थान, पेलाबास, रिडीलगायतका क्षेत्रमा परम्परागत रुपमा गाईजात्रा मनाउने परम्परा नै रहेको छ। नेवारी धार्मिक मूल्य र मान्यताअनुसार यमलोकममा वर्ष दिनसम्म ढोका बन्द भइरहन्छ, । मृतकको आत्मा यमलोक भित्र पस्न नपाई सधैँ ढोका बाहिर हुन्छन्, त्यसैले मृतकको नाममा दिवंगत भएको वर्षदिनभित्र जसले सक्कली गाई, बासा, जोगी, ताहामचा आदि बनाइ बजार परिक्रमा गरी दरबारभित्र ल्याउँछन्, ति आत्मा यमलोकमा प्रवेश पाउँछन् भन्ने जनविश्वास रहेको कारण दिवंगत आमाको सम्झनामा गाईजात्रा निकालिएको तानसेन नगरपालिका वडा नं. ५ का प्रदिप रावलले बताए। नेवारी समुदाय विस्थापित संगै अन्य समुदायले पनि तानसेनमा गाईजात्रा निकालेका छन।

तानसेन नगरलाई साँस्कृतिक नगर भने पनि तानसेनबाट पछिल्लो समयमा यस्ता मौलिक संस्कृति दिनहुँ हराउँदै गएको छ। यस्ता संस्कृति र परम्पराको जर्गेना गर्न स्थानीय सरकारको चासो नदिएको स्थानीयवासीहरुको गुनासो रहेको छ।

# दुई वर्षमा ३९० उद्योग खारेज



**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा उद्योग खारेज गर्ने संख्या बढ्दै गएको छ। घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीमा उद्योग व्यवसाय नयाँ संख्याभन्दा खारेज गर्ने संख्या बढ्दै गएको हो। जिल्लामा घरेलु कार्यालयमा ०८०/०८१ मा नौ सय ३७ वटा उद्योग व्यवसाय दर्ता भएकोमा २ सय ५७ उद्योग खारेज भएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका उद्योग अधिकृत पुरुषोत्तम पौडेलले जानकारी दिए। उनको अनुसार बैंकको चर्को व्याज तिर्न नसकेर र आर्थिक बन्दीको कारणले उद्योग व्यवासय खारेज गर्नेको संख्या बढेको हो।

जिल्लामा ०७९/०८० मा आठ सय ७८ दर्ताको भएकोमाध्ये एक सय ३३ उद्योग व्यवसाय खारेज गरिएको पौडेलले बताए। यसरी उद्योगहरु खारेज हुँदा राजस्वमा पनि कमी आएको उनले जनाए।

०७८/०७९ मा कुल राजस्व एक करोड १७ लाख ३७ हजार ७ सय १३ रुपैयाँ उठेकोमा ०७९/०८० मा कुल २१ लाख ९२ हजार ९ सय ६३ रुपैयाँ उठेको जुन १८ दशमलव ६७ प्रतिशतले राजस्वमा कमी आएको उद्योग अधिकृत पौडेलको भनाइ छ। ०८०/०८१ असार मसान्तसम्म ८१ लाख ५८ हजार तीन सय ७० रुपैयाँ राजस्व संकलन भएको घरेलु तथा साना उद्योग कार्यालयको तथ्यांकमा उल्लेख गरेको छ।

जिल्लामा गत वर्ष २०८०/०८१ को असार मसान्तसम्म नौ सय १७ वटा उद्योग र वाणिज्य व्यावसय दर्ता भएको छ। ४ सय ७३ उद्योग र वाणिज्य चार सय ४४ गरी नौ सय १७ वटा भएको दर्ता भएको हो ।

साउन महिनामा उद्योग ११ वटा र वाणिज्य ९ गरी बीस वटा नयाँ दर्ता गरी कुल नौ सय ३७ वटा दर्ता भएको उद्योग कार्यालयका उद्योग अधिकृत पुरुषोत्तम पौडेलले जानकारी दिए।

उनको अनुसार उद्योगतर्फ सबैभन्दा बढी कृषि तथा पशुपालन फर्महरु दर्ता भएका छन् भने वाणिज्यतर्फ किराना तथा खाद्यान्न बिक्री पसलहरु धेरै दर्ता भएका छन्।

व्यवसाय दर्ता गर्ने व्यवसायीहरु गत वर्षभन्दा यस वर्ष कम देखिएको पौडेलले बताए। घरेलु तथा साना उद्योग कार्यालयमा गत वर्ष १ हजार २९ वटा व्यवसाय नयाँ दर्ता भएका थिए। अहिले करिब ९ प्रतिशतले नयाँ दर्तामा कमी आएको उद्योग अधिकृत पौडेलको भनाइ छ।

# गाउँपालिकामा पुस्तकालय स्थापना



वालिङ (स्याङ्जा)। स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकाको प्रशासकीय भवनभित्रै पुस्तकालय स्थापना गरिएको छ। विश्व हिन्दू युवा सङ्घले गाउँपालिकाको व्यवस्थापन तथा सहयोगमा पुस्तकालय स्थापना गरेको हो।

विशेषगरी धर्म, संस्कार र संस्कृतिको संरक्षण गर्ने उद्देश्यले संस्कृत भाषाका पुस्तकसहित अन्य पुस्तक पुस्तकालयमा राखिएको विश्व हिन्दू युवासङ्घ स्याङ्जाका अध्यक्ष नवराज पौडेलले बताए। "धर्म, संस्कार, संस्कृतिको संरक्षणसँगै यसको प्रचारप्रसार गर्ने, यसको महत्वका बारेमा सर्वसाधारणलाई सुसूचित गराउनुपर्ने आवश्यकता ठानेका छौँ", उनले भने- "विशेषगरी युवापुस्तालाई धर्म संस्कार, संस्कृति तथा इतिहासका बारेमा जानकारी गराउनसके संस्कार संस्कृतिको संरक्षणमा ठूलो टेवा पुग्नेछ।"

पुस्तकालयमा धर्म, संस्कार, संस्कृति, इतिहास, साहित्य तथा अङ्ग्रेजी माध्यमका विभिन्न सात सय पुस्तक राखिएका छन्। पुस्तकालयमा पुगेका जुनसुकै पाठकले पनि आफूलाई अनुकूल हुने खालका पुस्तक पढ्न पाउने भएका हुन्।

गाउँपालिकाले विश्व हिन्दू युवासङ्घसँगको सहकार्यमा गाउँपालिका कार्यालयमा पुस्तकालय स्थापनागरी सञ्चालनमा ल्याएको गाउँपालिकाका अध्यक्ष प्रकाश तिवारीले बताए। पुस्तकालय सञ्चालन तथा व्यवस्थापन गाउँपालिकाले गरेको छ। "पुस्तकालयमा सबै प्रकारका पाठकहरुको रुचिका पुस्तक राखेका छौँ", उनले भने- "आगामी दिनमा थप महत्वपूर्ण र बहुउपयोगी हुने पुस्तक थप गर्दै जानेछौँ।"

गाउँपालिकामा सेवा लिन आउने सेवाग्राहीले फुर्सदको समयमा आफूलाई रुचि भएका पुस्तक पढ्न पाउने र पढ्ने बानीको विकास गर्नका लागि पनि कार्यालय परिसरभित्रै पुस्तकालय स्थापना गरिएको उनले बताए। कार्यालय खुलेका दिनमा कार्यालय अवधिभर पुस्तकालय खुला हुनेछ।

पछिल्लो समय संस्कार, संस्कृति तथा नैतिक शिक्षाको खडेरी पर्दै जाँदा यसको संरक्षण, सम्वर्द्धन र पछिल्लो पुस्तालाई संस्कारयुक्त बनाउनका लागि संस्कार शिक्षा पढाउन थालेको पालिकाले नागरिकलाई सुसूचित बनाउनका लागि पनि पुस्तकालयले सहयोग पुग्ने उनले औंल्याए।

# भलाई कोषसँग बुटवल हस्पिटलको उपचार सम्झौता



बुटवल। बुटवलमा रहेको यातायात मजदुर तथा व्यवसायी भलाई कोषसँग आबद्ध सदस्यहरुको उपचार अब बुटवल हस्पिटल प्रा.लि.मा हुने भएको छ। बुटवल हस्पिटलले भलाई कोषमा आबद्ध रहेका सदस्यहरु, कोषका कर्मचारी, व्यवसायी तथा मजदुरहरुका लागि विषेश छुटसहित उपचार गर्ने गरी आइतबार सम्झौता गरेको हो।

सम्झौतामा बुटवल हस्पिटल प्रा.लि.का अध्यक्ष चुन्नप्रसाद शर्मा पौडेल, बिक्रम खड्का र सुमन तिमिल्सीनाले हस्ताक्षर गरेका छन् भने कोषका तर्फबाट अध्यक्ष दिनेश फुल्लेल, उपाध्यक्ष छविलाल थापा, महासचिव योग गुरुङ, सचिव बृजेश न्यौपाने, कोषाध्यक्ष प्रकाशकुमार नेपाल र कार्यालय प्रमुख थानेश्वर बस्यालले हस्ताक्षर गरेका छन्।

दुई पक्षिय सम्झौतासँगै बिरामीहरुको उपचारका लागि सहजता मिल्ने बुटवल हस्पिटल प्रा.लि.का अध्यक्ष पौडेलले बताए। उनले छिटो छरितो र सर्वशुलभ ढंगले उपचार गर्नेगरी बुटवल हस्पिटलले प्रबन्ध गरेको जनाए। अहिले पनि धेरै बिरामीहरु भारतीय शहरहरुमा जाने र ठूलो धनराशी खर्च गर्ने अवस्था रहेकाले त्यसलाई रोक्ने र गुणस्तरिय सेवा दिने पौडेलले बताए। भलाई कोषका अध्यक्ष दिनेश फुल्लेलले यस क्षेत्रमै नमूना अस्पताल बनेको भन्दै यहाँको सेवा सुविधाले बिरामीहरुलाई काठमाडौं जान नपर्ने बताए।

बुटवल हस्पिटल प्रा.लि.भर्खरै आफ्नै सुविधा सम्पन्न भवनबाट सेवा सुरु गरेको छ। भलाई कोषमा अहिले करिव ४ हजार सवारी साधनहरुको आबद्धता रहेको छ। जसमा सरकारी तथा निजी साधनहरु रहेका छन्। सम्झौतापछि भलाई कोषको सिफारिसमा बुटवल हस्पिटलले बिरामीको उपचार गर्ने छ। त्यसरी संस्थागत सिफारिसमा आउने बिरामीहरुका लागि हस्पिटलले विशेष छुटसहित उपचार गर्ने गरी लिखित सम्झौता भएको हो।

**भुमि सुधार तथा मालपोत कार्यालय, नवलपरासी (ब.सु.प.) बाट जारी भएको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सार्वजनिक**

**सूचना। सूचना।। सूचना।।।**

जिल्ला नवलपरासी साविक बैकुण्ठपुर गा.वि.स. वडा न ४ हाल रामग्राम न.पा-१२ बस्ने त्रिवेणी कुर्मीको नाति भुल्लन कुर्मीको छोरा नारायण कुर्मीले साविक जग्गाधनी विष्णु कुमारी उपाध्याय र मोहि मेरो बुवा भुल्लन कुर्मी भई साविक जमुवाङ गा.वि.स. वडा नं. ७/ख कि.नं. ६० ज. वि. ०-३-० जग्गा हाल तहतह हुदै हालको जग्गाधनी जनक नेपालका नाउँमा कायम रहेकोमा मिति २०७५/०६/०२ मा मोही नामसारी र मिति २०७५/०५/०४ मा मोही जग्गा बाँडफाँड गरी पाउँ भनि निवेदन दर्ता गरी वादी तारेखमा रहेकोमा प्रतिवादी तपाई जिल्ला पाल्पा चिदीपानी वडा नं. ६ हाल माथागढी गा.पा वडा नं. १ बस्ने जनक नेपालको नाममा यस कार्यालयबाट जारी भएको १५ दिने म्याद मालपोत कार्यालय पाल्पा, तानसेनको च.नं. ४४१७ मिति ०८१/०३/०३को पत्रबाट तामेली म्याद रित पूर्वक भै आएकोमा म्याद भित्र कुनै किसिमको प्रतिवाद नगरी म्याद भित्र प्रतिउत्तर तथा लिखित जवाफ लिई नआएको र प्रतिवाद नगरी बसेको मा यो हकदावी सम्बन्धी सार्वजनिक सम्बन्धी सूचना प्रकाशित गरीएको छ। बाटो म्याद बाहेक ३५ दिन भित्र सबुद प्रमाण सहित हकदाबी गर्न यस कार्यालयमा उपस्थित हुन आउनु होला वा कानून बमोजिम वारेस गरी पठाउनुहोला अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना द्वारा जानकारी गराइन्छ।

**खोई...**

ट्रक पार्क बनेको खण्डमा सडकमा रोकिने ट्रकका कारण हुनेदुर्घटना रोकिने र आफूहरुले सरकारले तोकेको भाडा दर पाउन पनि सहज हुने अध्यक्ष गौतम औंल्याउंछन्।

सडक सुरक्षाको क्षेत्रमा काम गर्दै आएका यातायात मजदुर नेता कृष्ण बेल्बासेले गाडी बिग्रिएर सडकमा रोकिनुपर्ने अवस्थामा उक्त गाडीसंग अरु गाडी ठोक्किन नदिन टाढैबाट प्रष्ट देखिने रंगसहितको चिन्ह अनिवार्य राख्नुपर्नेमा त्यसो नगरिंदा दुर्घटना नरोकिएको बताउंछन्। 'गाडी बिग्रेर सडकमा राख्नुपरे स-साना ढुंगा र रुखका हांगाले घेरेर राख्ने गरिन्छ,त्यो एकदमै गलत हो, त्यसलाई रातको समय वा अंध्यारोमा गुडिरहेका गाडीका चालकले देख्दैनन्, अनि ठोक्किएर दुर्घटना हुन्छ'-बेल्बासेले भने-'रोकिएको गाडीलाई अगाडि र पछाडि दुबै दिशाबाट आउने चालकले प्रष्ट संग देख्न सक्ने गरी खतराको चिन्ह राख्न अनिवार्य गरिनुपर्छ, तब मात्र दुघर्टटना कम गर्न सकिन्छ।' सडक किनारमा सवारी साधन पार्क गर्न सरकारले निषेध गरेको छ। तर, कतिपय स्थानमा प्रहरीले अवैध असुल गरेर पनि जोखिमपूर्णरुपमा सडक किनारमा ट्रक रोक्न दिने गरेको व्यवसायीहरु बताउँछन्।

**मुख्यमन्त्रीले...**

आचार्य एमाले र कांग्रेसको समर्थनमा गएको साउन ७ गते मुख्यमन्त्री नियुक्त भएका थिए। केन्द्रमा नयाँ गठबन्धन बनेपछि नेकपा माओवादी केन्द्र संसदीय दलका नेता जोखबहादुर महराले मुख्यमन्त्रीबाट राजीनामा दिएका थिए। ८७ सदस्यीय प्रदेशसभामा बहुमतको लागि ४४ मत आवश्यक पर्छ।

**बिमालेख हराएको सूचना**

मेरो निम्न विवरण भएको एशियन लाइफ इन्स्योरेन्स कम्पनी लि. को बिमालेख यही मिति २०८१।०३।२८ गते बर्दघाटदेखि पीडित जाँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम** :अनुशुया गुरुङ्ग
**ठेगाना** : बर्दघाट-४, नवलपरासी
**बिमालेख नं.** : ५३११००१०१७०
**सम्पर्क** : ९८१३८२६४८०

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**सैनामैना र चार नम्बरमा राजमार्ग जलमग्नः**

बुटवल। सोमबार रातीदेखि परेको अविरल वर्षाले रुपन्देहीको सैनामैना क्षेत्र, कपिलवस्तुको चार नम्बरको राजमार्ग र वस्ती डुबानमा परेको छ। रानीबगिया, झारवैरा, मुर्गिया, रामापुर कलौनी र सालझण्डी क्षेत्रमा पूर्व-पश्चिम राजमार्ग र सो क्षेत्रका बजारमा डुबानमा परेका हुन्। डुबानले बालबालिकाहरु स्कूल जाने अवस्था नभएपछि मंगलबार एक दिनका लागि शैक्षिक संस्थाहरुमा सार्वजनिक बिदा दिनु परेको थियो।

डुबानले विद्यालय बन्द गर्नुपर्दा सैनामैनाका २२ हजार बढी विद्यार्थीको पठनपाठन एक दिनका लागि प्रभावित भएको छ। डुबानले ठूलो भौतिक क्षती तथा मानवीय क्षती व्यहोर्नु नपरे पनि जनजीवन प्रभावित भएको विपद् महाशाखाका प्रमुख सुरज न्यौपानेले जानकारी दिए। *तस्विर : टिका खरेल*

# फरार प्रतिवादी पक्राउमा निर्मम छौँ : रूपन्देही प्रहरी

## ३ सय ९२ जान फरार प्रतिवादी पक्राउ , १ करोड ६७ लाख २० हजार १०८ रुपैयाँ जरिवाना असुल

**मोहम्मद हबिब**

*भैरहवा*

रूपन्देहीको लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं.१२ का बलिराम लोधलाई इलाका प्रहरी कार्यालय लुम्बिनी रूपन्देहीबाट खटिएको प्रहरी टोलीले २२ वर्षपछि पक्राउ गऱ्यो। पुनरावेदन अदालत बुटवलले २०५९/०१/१६ गते जबर्जस्ती करणी र ज्यान मार्ने उद्योगमुद्दामा २ वर्ष १० महिना २९ दिन कैद सजाय फैसला गरेपछि फरार रहेका उनलाई रूपन्देही प्रहरीले नियन्त्रणमा लिइ सजाय भुक्तानको लागि अदालतमा पेश गरी जिल्ला कारागार कार्यालय रूपन्देहीमा चलान गऱ्यो।

यस्तै रूपन्देहीको तिलोत्तमा नपा १७ दरखसवाका रामपृत मल्लाहलगायतले सार्वजनिक जग्गाको विवादमा सोही स्थानका जंगबहादुर यादव ०६२ पुस २५ गते गोली हानेर हत्या गरी फरार भए। प्रहरीको फरार सूचीमा रहेका यादवलाई प्रहरीले १८ वर्षपछि सीमानाका बेलहियामा रूपन्देही प्रहरीले समात्न सफल भयो।

यस्तै बैंकिङ कसुरमुद्दामा २५ लाख ९२ हजार जरिवाना फैसला भइ फरार रहेका रूपन्देही ओमसतिया गाउँपालिका वडा नं. ४ बस्ने यशुदा भट्टराईलाई वडा प्रहरी कार्यालय भैरहवा रूपन्देहीबाट खटिएको प्रहरी टोलीले पक्राउ गऱ्यो। उच्च अदालत तुलसीपुर बुटवलले २०७६/०९/१६ गते उनीमाथि बैंकिङ कसुरमुद्दामा जरिवाना फैसला गरेको थियो। प्रहरीले उनलाई जिल्ला अदालतमा जरिवाना भुक्तानको लागि पेश गऱ्यो।

यी यस्ता फरारका घटना अहिले रूपन्देही प्रहरीले नियमित रूपमा नियालिरहेको छ। अदालतबाट दोषी ठहर भएर कैद, जरिवाना वा दुवै सजाए तोकेर भुक्तान नगरेका फरार प्रतिवादीलाई पछिल्लो समय रूपन्देही प्रहरीले धमाधम पक्राउ गर्न थालेको छ। रूपन्देही प्रहरीले पछिल्लो समय अदालतको फैसला कार्यान्वयन गर्न फरार प्रतिवादी खोजी गर्ने काममा समेत आक्रमक रूपमा लागेको छ। सजाय फैसला भएका त्यस्ता व्यक्तिहरू समाजमा खुलेआम घुमफिर गर्नु पनि सुरक्षा चुनौतीको रूपमा रहेकोले पक्राउ गरिएको रूपन्देही प्रहरी प्रमुख प्रहरी उपरीक्षक रंजितसिंह राठौरले बताए। 'फौजदारी र देवानी दुवै प्रकृतिको मुद्दामा फरार प्रतिवादीहरूलाई निरन्तर पक्राउ गरिरहेको छौँ, जसका लागि हामीले अभियान नै चलाएर निर्ममताका साथ काम गरिरहेको छौँ।'- एसपी राठौरले भने ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीको तथ्यांकअनुसार गत आर्थिक वर्ष २०८०/०८१ मा कुल संख्यामध्ये विभिन्न ३६ किसिमको मुद्दामा मात्रै ३ सय ९२ जना फरार प्रतिवादी पक्राउ परेका छन्। जसबाट १ करोड ६७ लाख २० हजार १०८ रुपैयाँ जरिवाना समेत असुलउपर भएको छ। यो विगत वर्षको तुलनामा दोब्बरले बढी हो।

पक्राउ परेका फरार प्रतिवादीहरूमा लागुऔषध मुद्दाको ६४ जना, सवारी ज्यानको ४५, कुटपिट लुटपाटको ३९, सार्वजनिक अपराधको ३५, कुटपिट अंगभंगको १५, चोरी मुद्दाको १४ जनालगायत छन्।

यस्तै जिल्ला प्रहरी कार्यालय महिला सेलले घरेलु हिंसाका घटनालाई प्राथकिमताका साथ सम्बोधन गरेको जनाएको छ। गत आर्थिक वर्ष २०८०/०८१ मा ५ सय ६९ वटा घरेलु हिंसाका उजुरीहरू दर्ता भएका छन्। जसमध्ये ३ सय ९८ वटा उजुरी मेलमिलापबाट समाधान गरिएको तथ्यांक छ।

कतिपय अवस्थामा उजुरी गर्ने, तर उजुरी कर्ता नै पछि सम्पर्कमा नआउने घटना समेत देखिएका छन्। यसरी उजुरी गरेर पनि सम्पर्कमा नआउने संख्या ६५ छ। भने अन्य ५५ वटा उजुरीलाई थप कारबाहीका लागि अन्य सम्बन्धित निकायमा पठाइएको छ। परिवारभित्रैबाट हुने घरेलु हिंसाका घटना पहिलाको तुलनामा बाहिर ल्याउने क्रम बढेको देखिन्छ।

सचेतनाका कारण पीडितहरूले उजुरी गर्ने दर बढेको एसपी रंजितसिंह राठौरले बताए। घटना पहिला पनि हुन्थे, तर परिवारभित्रै मिलाउने वा सहेर बन्ने धेरै थिए भने पछिल्लो समयमा समाजमा आएको चेतनाका कारण घरेलु हिंसाका घटना दर्ता क्रम पनि बढेको छ।

चालु आर्थिक वर्षको पहिलो महिनामा घरेलु हिंसाका ७२ वटा उजुरी महिला तथा बालबालिका इकाइ (महिला सेल) मा दर्ता भएका छन्। जसमध्ये ४० वटा उजुरी मेलमिलापमा टुंगिएका छन्। पीडकलाई सचेत गराइ पीडितलाई परिवारमा पुनर्स्थापना गर्नुपर्ने कारण पनि घरेलु हिंसाका धेरै घटना मेलमिलापमा समाधान गरिनु पर्ने एसपी राठौरले बताए।

यि कामका अलावा रूपन्देही प्रहरीले विभिन्न काम गर्दै आएको छ। सिमामा प्रहरीले पर्यटकको सहजताका लागि एकीकृत जाँच डेक्सको स्थापना गरी काम गरिरहेको उनले दाबी गरे। 'प्रहरीले पर्यटकलाई सहज रूपमा नेपाल प्रवेश गर्न र भन्सार सुविधा लिन सहजीकरण गरिरहेको छ।'- उनले भने। छ महिना अगाडि मात्र रूपन्देही प्रहरी प्रमुखको जिम्मेवारी सम्हालेका प्रहरी उपरीक्षक राठौरले रूपन्देहीको शान्ति सुरक्षा विगतको भन्दा चुस्त रहेको दाबी गरे।

'रूपन्देहीमा कुनै अप्रिय घटना घटेको छैन, कतिपय छिटफुट घटनाको हामी सुक्ष्म अनुसन्धानबाट सफलता पाएका छौँ।'- उनले भने। खुल्ला सिमानाकाको फाइदा उठाउँदै कतिपय व्यक्तिहरूले परम्परागत रूपमै विना भन्सार सामाना नेपाल भित्र्याउन पाउनु पर्छ भन्ने मान्यता रहेको समेत उनले जनाए। तर त्यस्ता भन्सार छलिका सामानहरू धमाधम पक्राउ गरी भन्सार चलान गरिएको समेत एसपी राठौरले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीलाई आम नागरिकको सहज पहुँचसम्म पुऱ्याउन र सजिलै उजुरी दर्ता गर्नको लागि नागरिकमैत्री वातावरण तयार गरिएको प्रहरी उपरीक्षक राठौर बताउँछन्। यस्तै जिल्लाको समग्र शान्ति सुरक्षा व्यवस्थापनलगायत चोरी तस्करी नियन्त्रणका अलवा डरलाग्दो तबरले वृद्धि हुँदै गएको आत्महत्याका घटना न्यूनीकरण तथा व्यवस्थापनका लागि जिल्ला प्रहरी कार्यालय रूपन्देहीले अभियान सञ्चालन गर्दैछ।

प्रहरी प्रधान कार्यालय काठमाडौँको कार्ययोजनाअनुसार देशका ७७ वटै जिल्ला प्रहरी कार्यालयमार्फत् जिल्ला, पालिका र वडा तहमा समिति गठन गरी आत्महत्याका घटना न्यूनीकरण गर्ने अभियानमा जिल्ला प्रहरी कार्यालयले तत्पर्ता देखाएको छ।

# गठबन्धन ८४ सालसम्म जान्छ: गगन



बुटवल। नेपाली कांग्रेसका महामन्त्री गगन थापाले २०८४ को चुनावमा प्रतिनिधिसभाका सबै १६५ निर्वाचन क्षेत्रमा कांग्रेसले उम्मेदवारी दिनुपर्ने बताएका छन्।

लुम्बिनीमा पार्टी प्रशिक्षण कार्यक्रममा बोल्ने क्रममा महामन्त्री थापाले कांग्रेसले आगामी चुनावमा कसैसँग तालमेल नगरी उम्मेदवारी दिनुपर्ने बताएका हुन्। थापाले १६५ निर्वाचन क्षेत्रमा कांग्रेसले उम्मेदवार बनाएर ४० प्रतिशतभन्दा बढी मत ल्याएर पाँच वर्ष एक्लै सरकार चलाउने आत्मविश्वास किन नराख्ने भन्ने प्रश्न गरे।

यो गठबन्धन भ्रष्टाचारीलाई ढाकछोप गर्न बनेको भन्ने पार्टीमाथि लागेका आरोप कार्यकर्ताले चिर्न नसकेको भन्दै आरोप चिर्न नसके यो गठबन्धन भ्रष्टाचारीलाई ढाकछोप गर्न बनेको भन्ने भाष्य निर्माण हुन सक्ने टिप्पणी उनले गरे।

स्थानीय, प्रदेश र संघीय चुनावमा तत् स्थानको उम्मेदवार छान्ने अधिकार सम्बन्धित पार्टी संरचनालाई दिनुपर्ने विकल्पमा पार्टीभित्र छलफल गर्नुपर्ने महामन्त्री थापाले बताए।

सबै भ्रातृ संस्थालाई व्यवस्थापन गर्ने गरी एक दुई दिनभित्र पार्टीबाट निर्देशक समिति बनाउने थापाले जानकारी गराए। नेपाली कांग्रेसका महामन्त्री गगन थापाले अहिले बनेको गठबन्धन साढे ३ वर्ष नै चल्ने र कुनै पनि उलथपुथल नहुने दाबी गरेका छन्। उनले एमालेको उपद्रो रोक्ने र कांग्रेस चकचक नगर्ने हुँदा यो गठबन्धन साढे ३ वर्षसम्म नै चल्ने बताए।

कार्यक्रममा नेपाली कांग्रेसका केन्द्रीय सदस्य भरतकुमार शाहले पार्टीलाई एकताबद्ध बनाएर अब अघि बढाउनुको विकल्प नभएको बताए।

नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुनले जनप्रतिनिधिहरू जनताभन्दा ठूलो हुँ भन्ने भावना राख्न नहुने बताए। नेपाली कांग्रेस रुपन्देही सभापति रामकृष्ण खाँणले प्रशिक्षण कार्यक्रमले पार्टीलाई अझै बलियो र गतिशील बनाउने बताए। ३ दिनसम्म चल्ने कार्यक्रममा डा. गोविन्द्र पोखरेल, सुरेश आचार्य, छन्दकुमार पहराई र उमेश श्रेष्ठले परीक्षण दिने छन्। कार्यक्रमको समापनका लागि पार्टी उप-सभापति पूर्णबहादुर खड्का आउने कार्यक्रम रहेको छ। प्रशिक्षण कार्यक्रम ३ दिनसम्म चल्नेछ।

# बार टेण्डरहरूको मास्टर क्लास



बुटवल। एकेडेमी अफ बार टेण्डर एण्ड बारिष्टा बुटवलको आयोजनामा बुटवलमा मास्टर क्लास सम्पन्न भएको छ। वर्ल्ड क्लास विनर अफ यूएइ एण्ड ओमनका कुमार चौलागाईंको प्रशिक्षण रहेको कार्यक्रममा रूपन्देही, कपिलवस्तु, पोखरा, काठमाडौंका करिब दुई सय जना बार टेण्डरहरू, होटेल म्यानेजमेन्टका विद्यार्थीहरू र हस्पिटालिटी क्षेत्रका युवा युवतीको सहभागिता रहेको थियो।

कार्यक्रममा चौलागाईंले बार टेण्डर र बारिष्टा क्षेत्रको क्यारियरलाई कसरी अघि बढाउने, विश्व बजारमा कसरी राम्रो काम गर्नेलगायतकास विषयमा जानकारीमूलक र मोटिभेसनल प्रशिक्षण दिएका थिए।

सहभागीहरूलाई प्रशिक्षक चौलागाईं, एकेडेमी अफ बार टेण्डर एण्ड बारिष्टा बुटवलका म्यानेजिङ डाइरेक्टर रमेश मल्ल, कार्यक्रम संयोजक एवं प्रशिक्षक आदित्य कालिराजले प्रमाणपत्र वितरण गर्दै पछिल्लो समय बार टेण्डर र बारिष्टाको सीप सिकेकाहरूलाई रोजगारीको राम्रो अवसर रहेको भन्दै सिकेको सीपलाई व्यवहारमा उतार्न सुझाव दिए। प्रशिक्षार्थी असीम गुरूङले कार्यक्रम निकै प्रभावकारी भएको बताए।

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी
कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस्।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com